आठराई त्रिवेणी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ न. प्रदेश नेपाल

प.सं. : २०७८/०७९

च.नं. :

मिति : २०७८।१२।२८

## आन्तरिक आय संकलन तर्फको दरभाउपत्र आहवान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७८/१२/२८ गते)*

यस कार्यालयको मिति २०७८/१२/१० गतेको निर्णयअनुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७८/७९ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सुचित गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेबसाइट www.aathraitribenimun.gov.np तथा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण**

| आन्तरिक आय वन्दोवस्ती ठेक्का नं. | उत्खनन क्षेत्र विवरण | दरभाउपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | सूचनाको अवधि |
|---|---|---|---|---|
| ATRM/REV/01/78/079 | Near Limbuni Pul, (at least 500m away from Bridge), Niguradin | १०००।- | ४,०००।- | |
| ATRM/REV/02/78/079 | Tamor-Kabeli-Dovan-Matey, Phulbari | १०००।- | ३,५००।- | |
| ATRM/REV/03/78/079 | Tamor-Maiwa-Dovan, (at least 500m away from Bridge) | १०००।- | ३,०००।- | |
| *गाउँपालिका भित्रको तोकिएको क्षेत्रबाहेक अन्य स्थानबाट संकलन भइआएको समेत ।* | | | | |

**क. ठेक्का शर्तहरु :**

१. ठेक्का अवधि सम्झौता मितिदेखि २०७९ साल ज्येष्ठ मसान्तसम्म हुनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएका दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउपत्र १८औं दिन अपरान्ह १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

३. दरभाउपत्र दाताले खामको बाहिरपट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

४. दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, हाङपाङ खाता नं. २६७०१००३०१०१०००२ (AATHRAI GA.PA.(GA.-1-) AANTARIK RAJ) मा पछि फिर्ता नहुने गरी दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।

५. धरौटी बापत यस आठराई त्रिवेणी गा.पा., ताप्लेजुङको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक हाङपाङ शाखाको खाता नं. २६७०१००३०३००००२ (AATHRAI GA.PA., (GA-3)-DHARAUTI ACCOU) मा नगद जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट जारी भएको ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखी दरभाउपत्र फाराम पेश गरेको हुनुपर्नेछ ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिइने छैन ।

७. दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएका दरभाउपत्र फिर्ता तथा संशोधन हुने छैनन् ।

८. दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका दरभापत्रहरुमध्ये घटी वा बढी वालाको दरभाउपत्र स्वीकृत गर्न वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । यसै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. आठराई त्रिवेणी गाउँपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिइनेछ ।

१२. ठेक्का रकमले भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ५० प्रतिशत ले हुन आउने रकम |
| दोस्रो | २०७९ साल जेष्ठ १५ गतेभित्र | कबोल अंकको ५० प्रतिशत ले हुन आउने रकम |

१३. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ । सोभन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालोसूचीमा परेका र गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. गाउँ कार्यपालिकाको कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट तपाई गरी उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट अनुगमनका क्रममा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाइने छैन।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक स्रोत कर संकलन गर्न पाइने छैन।

१८. ठेकेदारले गाउँ कार्यपालिकाको कार्यालयको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ राजश्व संकलन गर्ने कर्मचारीलाई परिचय पत्रका साथमा मात्र संकलन गर्न गराउनु पर्नेछ।

१९. गाउँ कार्यपालिकाको कार्यालयसँग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिटी, बालुवा, ग्राबेल, भरान, माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ।

२०. ढुङ्गा, बालुवा, ग्राबेल, गिट्टी भरान माटो झिक्नुपर्ने घाटगद्धी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ। ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, भरान माटो लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्रभित्र जानुपर्ने भएमा सम्बन्धित जग्गा धनीको स्वीकृति लिने कार्य स्वयम् ठेकेदारले नै गर्नुपर्नेछ।

२१. नदीको किनारबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खनी ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, भरान निकाल्न रोक लगाउनु पर्नेछ। त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ।

२२. राजमार्गको र पुलको उत्तर दक्षिण ५०० मिटरभित्र ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, भरान माटो आदि निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थानबाट नदीजन्य पदार्थ संकलन/उत्खनन गर्न पाइने छैन।

२३. नदी खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन। साथै ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, भरान, माटो झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिएर मात्र घाटगद्धी स्थल तोकेर प्रयोग गर्न पाइनेछ।

२४. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ। साथै ढुङ्गा, बालुवा, ग्राबेल, गिटी, भरान माटो छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनुपर्नेछ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनि प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ।

आठराई त्रिवेणी गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ न. प्रदेश नेपाल

प.सं. : २०७८/०७९

च.नं. :

मिति : २०७८।१२।२८

२६. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्ने छ ।

२७. ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेका प्रयोग भएका नगदी रसिद अर्धकट्टी पनि फिर्ता गर्नुपर्ने छ ।

२८. ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयम् आफैंले व्यहोर्नुपर्नेछ र कर संकलन गर्ने दर प्रति घन मिटर यस कार्यालयको IEE प्रतिवेदनले निर्धारण गरेअनुसार हुनेछ ।

२९. खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साइनबोर्ड) ठेकेदार आफैंले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

३०. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेका निर्णय बाहेक यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खनन गरे बापत गाउँपालिकाको प्राकृतिक स्रोत कर सबैले तिर्नुपर्नेछ । कसैले गाउँपालिकाको प्राकृतिक स्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३१. यस कार्यालयबाट स्वीकृत गरिएको IEE मा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन उत्खनन गर्न पाइने छैन यसरी घाटगद्धी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाइएमा गाउँपालिकाद्वारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३३. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

३४. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

थप जानकारीका लागि ९८४७३२२९८७ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

१२/२८

विजय इङ्नाम

प्रमुख प्रशासकीय अधिकृत